नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

सिंहदरबार,
काठमाडौं नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

मिति : २०८२/१२/२५

## प्रेस विज्ञप्ति ।

केही संस्थागत विद्यालयहरूले प्रचलित कानुन तथा तथा सम्मानित सर्वोच्च अदालतको आदेश विपरीत हुनेगरी शैक्षिक सत्र २०८३ प्रारम्भ हुनु पूर्व नै विद्यार्थी भर्ना गर्ने र स्वीकृत मापदण्डभन्दा बढी शुल्क असुली गर्ने गरेको कार्य सच्याउन लगाउने कारवाही प्रकृयाका सम्बन्धमा यस मन्त्रालयको मिति २०८२/१२/२२ गतेको प्रेस विज्ञप्तिमार्फत सम्बन्धित सबैलाई र मूलत: सबै स्थानीय तहहरूलाई अनुरोध गरिसकिएको छ । तथापि केही संस्थागत विद्यालयबाट अझै पनि कानुन विपरीत शुल्क लिने कार्य निरन्तर रहेको गुनासो आएको सन्दर्भमा शिक्षा ऐन (संशोधन सहित), २०२८ को दफा १६घ (६) बमोजिम गैरकानुनी रुपमा सङ्कलन गरिएको शुल्क विद्यार्थीलाई फिर्ता गर्न सम्बन्धित सबैलाई निर्देश गरिन्छ ।

कुनै पनि विद्यालयले यो निर्देशनभन्दा अन्यथा गरेको पाइएमा सोही ऐनको दफा १६घ (७) को प्रावधान तथा अन्य प्रचलित कानुन बमोजिम थप कारवाही प्रकृया अगाडि बढाउन पर्ने अवस्थामा गृह मन्त्रालय, सम्बन्धित जिल्ला प्रशासन कार्यालयहरू र स्थानीय तहहरूबाट आवश्यक समन्वय हुन अनुरोध गरिन्छ ।

साथै, विद्यार्थीको शुल्कसम्बन्धी सिकायत एवम् गुनासोको रिपोर्टिङ तथा सहजीकरण प्रयोजनका लागि शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा **'सहायता कक्ष (help-desk)'** स्थापना गरिएकाले कसैको सिकायत वा गुनासो भएमा सोही कक्षमा फोन गरी थप सहायता प्राप्त गर्न सकिने र सोकक्षको सम्पर्क व्यक्ति निर्देशक श्री निमप्रकाश सिंह राठौर (फोन ९८५१२१४६३८ ईमेल ratthour@gmail.com) रहेको बेहोरा सूचित गरिन्छ ।

.................................
सहसचिव एवम् प्रवक्ता
(शिवकुमार सापकोटा)